# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८
च.नं :

**नदिजन्य पदार्थ उत्खन गरि विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सुचना**

(प्रथम पटक प्रकाशित मितिः- २०७७/०६/१८)

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ६२ (क) तथा ६४ को (च) मा भएको व्यवस्था, गण्डकी प्रदेश आर्थीक ऐन, २०७७ को दफा ८ र सो सँग सम्बन्धीत अनुसूची ६ मा भएको व्यवस्था एवं मंगला गाँउपालिकाको आर्थीक ऐन, २०७७ को दफा १४ वमोजिम अर्थीक बर्ष २०७७/०७८ सम्मका लागी यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली गाउँपालिकाले तोकेको दरमा विक्री गर्नेगरि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरि तपशिल वमोजिमका शर्तहरुको अधीनमा रही वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | सुचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खन गर्ने वगर र परिमाण (घन मिटर) | | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मु.अ. कर वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/०७७/०७८ मंगला गाउँपालिका क्षेत्र | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खन्न तथा विक्री वितरण | औवा खोला | ४८०.०० | ३५३९८२.३० | कवोल अंकको ५ % | ३००० | |
| | | | पोकमुनि मसान घाट | ५६३.०५ | | | | |
| | | | कस्केरी घाट | ३९०.०० | | | | |
| | | | जम्मा | १४३३.०५ | | | | |
| २ | ०४/०७७/०७८ मंगला गाउँपालिका क्षेत्र | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खन्न तथा विक्री वितरण | कपासे घाट | ११७०.०० | ४६०१७६.९९ | कवोल अंकको ५ % | ३००० | |
| | | | वान्द्रे घाट | ६९२.९७ | | | | |
| | | | जम्मा | १८६२.९७ | | | | |
| ३ | ०५/०७७/०७८ मंगला गाउँपालिका क्षेत्र | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खन्न तथा विक्री वितरण | सिमल चौर पुरानो पुल | १२३५.०० | १०८८४९५.५८ | कवोल अंकको ५ % | ३००० | |
| | | | पाना वगर (तल्लो, उपल्लो) | ३१७१.६४ | | | | |
| | | | जम्मा | ४४०६.६४ | | | | |
| ४ | ०६/०७७/०७८ मंगला गाउँपालिका क्षेत्र | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खन्न तथा विक्री वितरण | सिम घाट | १७७०.२४ | ७५२२१२.३९ | कवोल अंकको ५ % | ३००० | |
| | | | भाइवाङ्ग खोला | १२७५.०० | | | | |
| | | | जम्मा | ३०४५.२४ | | | | |

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः-

१.फर्म वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए म्याद थपको प्रमाणित प्रतिलिपी) र वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद तथा बाबियाचौर स्थीत प्रभु बैङ्कको राजस्व खाता नं. १५००११०३०९३००१०१ जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरि यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिन सम्म कार्यालय समयभित्र कार्यालवाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।३० औं दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको बाबियाचौर स्थीत प्रभु बैङ्कको धरौटी खाता नं. १५००११०३०९३०००६१ मा जम्मा गरि सोको सक्कल बैंक भौचर वा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) वमोजिम नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको वोलपत्र  फाराम हरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ रु. १० को टिकट टाँस गरि प्रथमपटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन सम्मको १२.०० वजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ।

४. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २.०० वजेदेखि विभिन्न कार्यालयका प्रतिनिधीहरु, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै निर्माण व्यवसायी वा निजको प्रतिनिधी वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्नेछैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

५. ठेक्का सम्वन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारामवाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्विकृत भएमा सो को सुचना पाएको मितिले ७ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिबार्य बुझाउनुपर्नेछ।दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको नाममा २०७८ साल असार मसान्त सम्म म्याद भएको मान्यताप्राप्त नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाँणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (परफरमेन्स वन्ड ) को सक्कल प्रति सम्झौताको बखत पेश गर्नुपर्नेछ ।साथै बोलपत्र कबोल गर्ने फर्मले वा कम्पनिले आफुले कबोल गरेको अंक ,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट र १.५% अग्रिम आय कर रकम समेत आन्तरीक राज्श्व कार्यालयमा बुझाइ संकलन भौचर यस कार्यालयमा बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

९. यस गाउँपालिका क्षेत्रका नदि तथा नदिहरुको उत्खन्न क्षेत्र र उत्खन्न परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीवाट भएका अध्ययन प्रतिवेदन एवं संघ र प्रदेश  सरकारवाट भएका निर्देशनहरु, पारित म्याग्दी जिल्लाको ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न, सङ्कलन तथा घाटगद्धी सम्वन्धी जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीवाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१०. यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा संघ र प्रदेश सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ र कुनै बिबाद सिर्जना भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

११. प्रिबिड मिटिङ्ग २०७७/०७/०५ गते बिहान ११:०० बजे मंगलागाउपालिका, गाँउकार्यपालिकाको कार्यलय बाबियाचौरमा बस्नेछ ।

(मनोहर ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत